गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
फोन नं. ०९१-४१८०६०
E-mail: info.gauriganga mun@gmail.com
Website: www.gauriganga mun.gov.np/

प.सं. २०७९।०८०
च.नं. १९६५

## सर्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक संस्था तथा गैरसरकारी संघ संस्थाहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी जरुरी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७९।११।११)**

यस गौरीगङ्गा नगरपालिकाको चालु आ.व. २०७९।०८० का लागि स्वीकृत कार्यक्रम अन्तर्गत यस नगरपालिकाको सार्वजिनक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम सेवा खरिद मार्फत सञ्चालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा आवद्ध अनुभवी एवम् विशेषज्ञता भएका यस नगरपालिकाको प्रत्यक्ष सेवाग्राही वा सेवा प्रदायक नरहेको संस्था/कम्पनी वा गैरसरकारी संस्थाहरुलाई तोकिएको कार्यक्षेत्रगत सर्त (TOR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव समेटी गरि एउटै प्रस्ताव तयार गरी देहायका कागजातहरु संलग्न राखी सिलबन्दी खाममा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रम (नगरपालिका र मातहतका वडा कार्यालय (११ वटा) तथा स्वास्थ्य संस्थाहरु (१४ वटा) समेत) | ३,००,०००।- | |

संलग्न आवश्यक कागजातहरुः

१. नियमानुसार दर्ता तथा नवीकरण भएको प्रमाण पत्र
२. मु.अ. कर दर्ता प्रमाण पत्र
३. कर चुक्ता प्रमाणपत्र
४. नगरपालिकाको मौजुदा सूचीमा सूचीकृत भएको
५. संस्था कालो सूचीमा नपरेको व्यहोरा संस्था प्रमुखको स्वघोषणा पत्र
६. अनुभव प्रमाणपत्र
७. प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत सर्तका आधारमा तयार गरेको हुनुपर्नेछ
८. अन्य सर्तहरु प्रचलित नियमानुसार हुनेछन् ।

..................
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

नोटः माथि उल्लेखित कार्यक्रमको कार्यक्षेत्रगत शर्त TOR यस नगरपालिको website बाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९।०८०

च.नं.

फोन नं. ०९१-४१८०६०

E-mail: info.gauriganggamun@gmail.com

Website: www.gauriganggamun.gov.np/


सर्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक संस्था तथा गैरसरकारी संघ संस्थाहरु मार्फत सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरुका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR).

१. कार्यक्षेत्र : - गौरीगङ्गा नगरपालिका (वडा नं. १ देखि ११ सम्म र स्वास्थ्य संस्थाहरु १४ वटा समेत) ।

२. कार्यक्रमको नाम, संचालन गर्ने विधि:- प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई सम्बन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसंगको विभिन्न विधिबाट नमूना संकलन, बहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र नगरपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ ।

३. प्रस्ताव तयार गर्दा देहायका विषयमा समेत ध्यान दिनुपर्नेछ :

(१) संस्थाको छोटो परिचय (२) संस्थागत अनुभव र क्षमता (३) मूख्य मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव (४) कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता (५) कार्यालय भवन तथा भौतिक सामाग्री (६) व्यवस्थापकिय क्षमता ।

४. कार्य योजना:- कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना ।

५. अनुगमन तथा मूल्याङ्कन विधी:- कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने ।

६. प्रतिवेदन:- कार्यक्रमको प्रतिवेदन पेश गर्दा कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न गरेको कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने बारेमा संस्थाको धारण/खाका उल्लेख गरिएको हुनुपर्नेछ ।

७. प्रारम्भिक आशय छनौट

सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् । उक्त शर्त पुरा गरे वापत कुनै अंक पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन् ।

८. प्राविधिक तथा आर्थिक प्रस्तावः प्राविधिक तथा आर्थिक प्रस्ताव अलग- अलग नगरि एकै साथ पेश गर्नुपर्नेछ । प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र संस्थाको छाप लागेको हुनुपर्नेछ । कार्यक्रमको विस्तृत लागत अनुमानमा सहभागीहरुलाई भत्ता दिने गरि पेश गरिएको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछैन ।

# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९१-४१८०६०
E-mail: info.gaurigangamun@gmail.com
Website: www.gaurigangamun.gov.np/


प.सं. २०७९।०८०
च.नं. ९६६४

९. प्रस्ताव मूल्यांकन गर्ने तरिका :

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ६० र आर्थिक प्रस्तावको अंक ४० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

१०. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु:

सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

पुनश्च :- छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।

नोट:- सूचनामा प्रस्तुत शिर्षक अन्तर्गत रहि प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित सहितको सहीछाप गरी पेश गर्नु पर्नेछ ।

.........................

हरिदत्त भट्ट

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत